आज मिति २०८१।३।१६ गते आइतबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको आ.ब. २०८०/०८१ को १५ औं बैठक तपसिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री जित बहादुर श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

आमन्त्रीत उपस्थिति :-

१. श्री **मोहन कुमार राई** - सूचना अधिकारी - ९८५२८४४०७३

Scanned with CamScanner

**प्रस्तावहरु**

१. अध्ययन विदा पूर्व स्वीकृति सम्वन्धमा।
२. बेल्टार एकल महिला समूहको व्यवसायिक प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा।
३. नगर अस्पतालको स्वास्थ्य विमाको पैसा फिर्ता सम्वन्धमा।
४. प्रधानमन्त्री रोजगार कार्यक्रममा आ. व. २०८१/०८२ का लागि सुचिकृत बेरोजगार व्यक्तीहरुको विवरण अनुमोदन सम्बन्धमा।
५. न. पा. बाट नदीजन्य पदार्थ उत्खनन् कार्य रेखदेखमा खटिने नगर प्रहरीलाई खाना खाजा खर्च उपलब्ध गराउने सम्बन्धमा।
६. करार सेवा तथा ज्यालादारीमा कार्यरत कर्मचारिको म्याद थप सम्बन्धमा।
७. भुक्तानी सम्बन्धमा।

**छलफल तथा निर्णयहरुः-**

१. यस नगरपालिकाको वडा नं. ७ मा सञ्चालित प्राथमिक स्वास्थ्य केन्द्र बेल्टारमा सि.अ.न.मी. पदमा कार्यरत कर्मचारी श्री विनिता कार्की (क.सं.नं.२२४४७५) को माग निवेदन अनुसार निज विनिता कार्की चिकित्सा शिक्षा आयोगद्धारा सञ्चालन हुने BNS बिषयमा अध्ययनको लागि जान चाहेको र सोको लागि आयोगले लिने प्रवेश परीक्षामा सहभागी हुन कार्यालयको पूर्व स्वीकृति आवश्यक हुने भएकोले निजलाई अध्ययन विदा पूर्व स्वीकृति दिने सर्वसम्मतीबाट निर्णय गरियो।

२. यस चौदण्डीगढी नगरपालिकाको वडा नं. ७ मा सञ्चालित बेल्टार एकल महिला समूहले एकल महिला उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा व्यवसायिक प्रस्तावना तयार गरी पेश गरेको हुँदा उक्त प्रस्तावना स्वीकृत गर्ने र सो समूहसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

**३.** नगर अस्पतालको स्वास्थ्य विमाको पैसा फिर्ता सम्वन्धमा।

स्वास्थ्य बीमा बोर्डबाट नगर अस्पतालले पाउनुपर्ने रकम ११६५९१३/- चौदण्डीगढी नगरपालिका बेल्टारको खाता नं. मा जम्मा हुन आएको हुँदा उक्त रकम सम्बन्धितलाई नियमानुसार विमा दाबी भुक्तानि दिन र नियमानुसार बीमाको प्रशासनिक आय बचत रकम खर्च गर्न बीमा बोर्डबाट प्राप्त रु ११६५९१३/- रकम **"चौदण्डीगढी नगरपालिका नगर अस्पताल बेल्टार"**को खाता नम्बर २३७०१००००३६४०००१ मा फिर्ता गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

**४.** आ.व. ०८१/०८२ का लागि चौदण्डीगढी नगरपालिका प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध हुन चाहने १८ देखि ५९ वर्ष सम्मका बेरोजगार व्यक्तिहरुले सबै वडा कार्यालयहरू मार्फत २०८० फागुन १ गते देखी फागुन मसान्त सम्म बुझाएका आवेदन फारमहरू संकलन गरी चौदण्डीगढी नगरपालिका

रोजगार सेवा केन्द्र बेल्टारले छानविन गरी विवरण पूर्ण रहेको आवेदन फारम चैत मसान्त सम्म रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरेका तपशिल बमोजिम वडागत बेरोजगार संख्यालाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपशील

| वार्ड नं. | महिला | पुरूष | आदिवासी/ जनजाती | द्यलित | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २८ | १० | १७ | १६ | ५ | ३८ |
| २ | ४१ | २० | १६ | २५ | २० | ६१ |
| ३ | २१ | ७ | १४ | १३ | १ | २८ |
| ४ | ४७ | २२ | ४३ | १९ | ७ | ६९ |
| ५ | ४८ | १० | २१ | २६ | ११ | ५८ |
| ६ | २८ | ५ | १५ | १३ | ५ | ३३ |
| ७ | ५३ | ३४ | ५२ | २२ | १३ | ८७ |
| ८ | ६१ | ७८ | ११० | १६ | १३ | १३९ |
| ९ | ३६ | ५ | २२ | १९ | ० | ४१ |
| १० | ६६ | ३१ | ५५ | २७ | १५ | ९७ |
| कूल संख्या | ४२९ | २२२ | ३६५ | १९६ | ९० | ६५१ |

५) यस नगरपालिकाबाट आ. व. २०८०/०८१ मा नदीजन्य पर्दार्थ उत्खननको लागि ठेक्का लागेका खोलाहरु, ठेक्का नलागेका खोलाहरु तथा निजि जग्गाबाट नियमानुसार हुने उत्खनन कार्यलाई व्यबस्थित बनाउन, चोरी निकासी तथा अबैध उत्खनन, निकासीलाई रेखदेख, अनुगमन कार्यको लागि राजस्व शाखाको पत्र बमोजिम ड्युटी खटाइएको नगर प्रहरीलाई खाना, खाजा खर्च बापत प्रति दिन रु. २००।– उपलब्ध गराउने निर्णय गरियो ।

६) यस चौदण्डीगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको विभिन्न शाखा, वडा कार्यालयहरु र विभिन्न कार्यक्रम अन्तरगत सेवा करारमा तथा ज्यालादारीमा कार्यरत रहेका कर्मचारीहरुको करार अवधि मिति २०८१ साल असार मसान्तमा सकिने भएको साथै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प.सं. २०८१/०८२ च.नं. २२६ मिति २०८१/०२/२५ गतेको प्रास पत्रमा सुरक्षित आप्रवासन (SaMi) कार्यक्रमको आगामी चरण सञ्चालन तथा व्यवस्थापनको लागि रिटर्नी स्वयंसेवक पदको लागि २ जनालाई मात्र निर्वाह भत्ता/तलब तथा अन्य सुविधा उपलब्ध गराउने लेखि आएको हुँदा उक्त रिटर्नी स्वयंसेवकहरुको कार्य सम्पादन मुल्याङ्कनको आधारमा २ जनाको मात्र र अन्य पदमा सेवा करार तथा ज्यालादारीमा हाल कार्यरत सबै कर्मचारीहरुको मिति २०८१ साल श्रावण १ गते देखि लागूहुने गरी मिति २०८१ साल पुस मसान्त सम्मको लागि करार सम्झौता/म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

Scanned with CamScanner

७) भुक्तानी सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिकाले चालु आ.व. २०८०/०८१ मा विभिन्न कार्यालय तथा व्यक्तिले पानी तान्ने मोटर कम्प्युटर, ल्यापटप, प्रिन्टर, सडक बत्ती व्यबस्थापन लगायतका विविध सामाग्रीहरु माग गरेको र तपशिल बमोजिमको सामानहरु तत्कालको आवश्यकता बमोजिम तत्काल काम भएको तथा विभिन्न कार्यालय र व्यक्तीलाई उपलब्ध गराईएको हुँदा चालु आ. व. मा उक्त कार्यको बजेट शिर्षक विनियोजन नभएकोले सो कार्यको भुक्तानी लागत अनुमान र कार्य सम्पन्न लागत प्रतिबेदन अनुसार आगामी आ. व. मा उपयुक्त बजेट शिर्षक व्यबस्थापन गरी भुक्तानी गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र सं | विल भुक्तानी गर्नुपर्ने फर्म कम्पनीको नाम | रकम रु. | कैफियत |
| --- | --- | --- | --- |
| १. | गेलाल सप्लायर्स चौ. न. पा. -६ | ३२२०५।- | |
| २. | पुमा इलेक्ट्रिक( लिम्माछित) चौ. न. पा. ६ | ९५३८३।= | |
| ३. | लिम्बान्छित कनस्ट्रक्सन एण्ड सप्लायर्स चौ. न. पा. -७ | ११९७७२।- | |
| ४. | गेलाल सप्लायर्स, चौ. न. पा. -६ | १८०८००।- | |

Scanned with CamScanner
CamScanner